पत्र संख्याः२०८१/०८२
चलानी नम्बरः ३२६

## करार सेवामा दरखास्त आह्वान गरिएको सूचना।

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०८/२५**

के.आई.सिंह गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयका लागि करार सेवामा कर्मचारी छनौट गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा तपसिल बमोजिमका पदहरुमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

**तपसिलः**

| क्र.स. | विज्ञापन नं | पद | तह | सेवा/समुह | माग संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८१-०८२ | सर्वेक्षक | पाँचौ | इन्जिनियरिङ्ग/सर्वे | १(एक) |
| २ | २/२०८१-०८२ | ल्याब टेक्निसियन | पाँचौ | नेपाल स्वास्थ्य/मे.ल्या.टे. | १(एक) |
| ३ | ३/२०८१-०८२ | अ.न.मी. | चौथो | नेपाल स्वास्थ्य/प.हे.न. | १(एक) |
| ४ | ४/२०८१-०८२ | सामाजिक परिचालक | चौथो | गरिबसँग विश्वेश्वर कार्यक्रम करार | १(एक) |
| ५ | ५/२०८१-०८२ | ट्याक्टर चालक | तहविहिन | श्रेणी विहिन | १(एक) |

१. **आवेदकको उमेरको हदः** पुरुष उम्मेदवारको हकमा आवेदन दिने अन्तिम मितिसम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्ग उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
तर सर्वेक्षकको हकमा नेपाल इन्जिनियरिङ्ग सेवा सर्भे समूह अन्तर्गत निजामती तथा संस्थान सेवाबाट अवकास प्राप्त कर्मचारीको हकमा ६० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

२. **शैक्षिक योग्यताः**

(क)**सर्वेक्षकको हकमा** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी Survey वा Geomatrics विषयमा ३ (तीन) वर्षे प्रविणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान(फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा १ (एक) वर्षको जूनियर तालिम प्राप्त गरेको वा नेपाल इन्जिनियरिङ्ग सेवा सर्वे समूह अन्तर्गत निजामती तथा संस्थान सेवाबाट अवकास प्राप्त कर्मचारीको हकमा ६० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

(ख)**ल्याब टेक्निसियनको हकमा** मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL in Lab Technician उत्तिर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

(ग) **अ.न.मी. को हकमा** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा अ.न.मी. कोर्ष उत्तिर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ।

(घ) **सामाजिक परिचालकको हकमा** मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तिर्ण गरेको हुनुपर्नेछ।

(ङ) **ट्याक्टर चालकको हकमा** साधारण लेखपढ गर्न जान्ने हुनुपर्नेछ।

३. **संलग्न गर्नुपर्ने आवश्यक कागजात:** नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाल स्वास्थ्य सेवाको लागि व्यवसायी परिषद वा काउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ट्याक्टर चालक पदको लागि हलुका सवारी चालक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, पासपोर्ट साईजको फोटो-३ प्रति, ।

४. **कामकाज गर्नुपर्ने स्थान:** के.आई.सिंह गाउँपालिकाको कार्यालयले तोके बमोजिम।

५. **मासिक पारिश्रमिक/बिदा तथा अन्य सुविधा:** गाउँपालिकाको कार्यालयले तोके बमोजिम।

६. **परीक्षाको किसिम:** लिखित र अन्तर्वार्ता हुनेछ तर ट्याक्टर चालकको हकमा प्रयोगात्मक र अन्तर्वार्ता हुनेछ।

७. **दरखास्त दिने अन्तिम मिति:** २०८१ मंसिर २५ गतेदेखि २०८१ पौष ०९ गते कार्यालय समयसम्म।

८. **परीक्षा मिति:** सूचना प्रकाशित गरि पछि तोकिनेछ।

९. **दरखास्त दस्तुर:** रु १,०००।– (एक हजार रुपैयाँ मात्र) एन.एम.बि. बैंक लि. के.आई.सिंह शाखा, डोटीमा रहेको के.आई.सिंह गाउँपालिकाको आन्तरिक राजस्व खाता नं **ग.१.१ १०६००६४०६८६०००१६** मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ। कार्यालयको कोड नं ८०१०७७१०४

१०. दरखास्त फाराम के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिको कार्यालय,वायल, डोटी बाट लिन सकिनेछ। साथै दरखास्त फाराम यस कार्यालयको website: www.kisinghmun.gov.np मा राखिएको छ। उक्त फारम भरी यस के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ। थप जानकारीका लागि सम्पर्क नम्बर ९८५८४८४७१७, ९८४९९१६००४, ९८६८४०४४०७ मा सम्पर्क गर्न सकिनेछ।

नोटः उल्लेखित सूचनाको सन्दर्भमा अन्तिम निर्णय गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

के.आई.सिंह गाउँपालिका
K I Singh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

वायल,डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश,नेपाल
Sudurpaschim Province, Nepal

पत्र संख्या: २०८१/०८२
चलानी नम्बर:

मिति: २०८१/०८/२७

**जानकारी गराइएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०८१/०८/२५ मा करार सेवामा दरखास्त आह्वान गरिएको सूचनाको विज्ञापन नं. ४/२०८१-०८२ को गरिबसँग विश्शेश्वर कार्यक्रम अन्तर्गत सामाजिक परिचालक पदको लागि छनौट प्रकृया गरिबसँग विश्शेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका (तेस्रो संशोधन), २०६६ अनुसार देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

१.स्थायी वासिन्दा महिला (बुहारी) हुनु पर्नेछ ।

२. स्थायी निवासी तथा संचार शीप भएको हुनु पर्नेछ ।

३. छनौट गर्दा लक्षित वर्गभित्र पर्ने विपन्न आदिवासी, दलित, आदिवासी जनजाती, मधेशी, मुस्लीम, थारु, पिछडा वर्ग, मुक्त कमैया, मुक्त हलिया एवं अन्य सामाजिक र आर्थिक रुपले विपन्न वर्गका निर्देशित योग्यता पुगेका महिला (बुहारी) मध्येबाट छनौट गरिनेछ ।

४. कार्यस्थलमा प्रतिवद्धतासाथ खटिई काम गर्न सक्ने हुनु पर्ने छ ।

५. गरिबी निवारणको कार्यक्रममा प्रतिवद्धता भएको हुनु पर्नेछ ।

६. सामाजिक परिचालकको कार्यक्षेत्र के.आई.सिंह गाउँपालिका वडा नं. ३ रहेको व्यहोरा जानकारी गरिन्छ ।

हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत